# तुर्माखाँद राजपत्र

तुर्माखाँद गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ७ संख्या ७ मिति २०८० चैत्र ११ गते

## भाग २

### तुर्माखाँद गाउँपालिकाको सूचना

तल उल्लिखित ऐन सुदूरपश्चिम प्रदेशको स्थानीय तहको कानून निर्माण प्रक्रिया सम्बन्धी ऐन २०७५ दफा २४ (५) तथा यस गाउँपालिकाको राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि २०७५ को दफा ९ (२) बमोजिम सर्वसाधारण जनताको जानकारीका लागि प्रकाशन गरिएको छ:

**सम्बत् २०८० को ऐन नं.७**

## एम्बुलेन्स सेवा सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८०

**प्रस्तावना:** तुर्माखाँद गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुको नाममा रहेको एम्बुलेन्स सेवालाई सरल, भरपर्दो र व्यवस्थित गरी

एम्बुलेन्स सेवालाई सबै नागरिकको पहुँचसम्म पुऱ्याई सेवा गुणस्तर अभिबृद्धि गर्नु पर्ने भएकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ (२) को अधिकार प्रयोग गरी यस तुर्माखाँद गाउँपालिकाको **"एम्बुलेन्स सेवा सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८०"** जारी गरेको छ।

*गाउँ कार्यपालिकाबाट संशोधन स्वीकृत भएको मितिः२०८०।१२।०७*

*प्रमाणिकरण मितिः २०८०।१२।०७*

## परिच्छेद- १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः**

क) यो कार्यविधिको नाम "**तुर्माखाँद गाउँपालिकाको एम्बुलेन्स सेवा सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८०"** रहेको छ।

ख) यो कार्यविधि तुर्माखाँद गाउँपालिका कार्यपालिकाले स्वीकृत भएको मिति देखी लागु हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा :

क) "**एम्बुलेन्स**" भन्नाले बिरामी ओसार प्रसार (ल्याउने/पुऱ्याउने) स्वीकृत प्राप्त गरेको

वाहानलाई सम्झनु पर्छ साथै सो शब्दले एम्बुलेन्समा जडित उपकरण,चालक र परिचारिका समेतलाई जनाउदछ र तुर्माखाँद गाउँपालिका अन्तर्गत स्वास्थ्य चौकी तुर्माखाँद र धमाली अछामद्धारा सञ्चालित एम्बुलेन्स सम्झनु पर्दछ।

ख) **"एम्बुलेन्स जनशक्ति "** भन्नाले एम्बुलेन्समा रहने स्वास्थ्यकर्मी र चालक सम्झनु पर्दछ।

ग) **"चालक"** भन्नाले एम्बुलेन्स चलाउने चालक सम्झनु पर्दछ।

घ) **"गाउँपालिका"** भन्नाले तुर्माखाँद गाउँपालिकालाई सम्झनु पर्दछ।

ङ) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले तुर्माखाँद गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ।

च) **"समिति"** भन्नाले दफा ३ को उपदफा ९ मा गठित समितिलाई सम्बझनु पर्दछ।

छ) **"सेवा शुल्क"** भन्नाले एम्बुलेन्स प्रयोग गरे वापत सेवाग्राहीले बुझाउनु पर्ने गरी

समितिले तोकेको अनुमती,नविकरण वा अन्य सेवा शुल्कलाई सम्झनु पर्दछ।

ज) **"सेवा"** भन्नाले एम्बुलेन्सले बिरामीलाई दिने सम्पुर्ण सेवा सम्झनु पर्दछ।

झ) **"जेष्ठ नागरिक"** भन्नाले नेपाल सरकारले निर्धारण गरेको दलितको हकमा ६० बर्ष र अन्यको हकमा ६८ बर्ष भन्दा माथिका बृद्धबृद्धाहरुलाई सम्झनु पर्दछ।

ञ) **"विपन्न नागरिक" भन्नाले** विपन्न नागरिक औषधि उपचार कोष निर्देशिका, २०७५ दफा ३ को उपदफा २ बमोजिम गठित तुर्माखाँद गाउँपालिकाको सिफारिस समितिले सिफारिस गरेको तथा नेपाल सरकारले निःशुल्कको लागि तोकेका ८ प्रकारका रोगहरुको सूचि सम्झनु पर्दछ।

३. **एम्बुलेन्स सेवा सञ्चालन,व्यवस्थापन तथा अनुगमन समितिः**

(१) यस तुर्माखाँद गाउँपालिका अन्तर्गत स्वास्थ्य चौकी तुर्माखाँद र धमाली अछामको नाममा रहेका एम्बुलेन्सहरुले सेवा सञ्चालन गर्नेछन।

(२) यस तुर्माखाँद गाउँपालिका अन्तर्गत रहेका सबै गर्भवती महिलाहरुलाई प्रसवको वेला स्वास्थ्य संस्था वा प्रसुती केन्द्र र तहाँ सम्भव नभएको खण्डमा जिल्ला अस्पताल तथा सुर्खेत सम्म पुऱ्याउन निःशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराईने छ।

(३) यस तुर्माखाँद गाउँपालिकाका सबै जेष्ठ नागरिकहरु नेपाल सरकारले निर्धारण गरेको सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने (दलितको हकमा ६० र अन्यको हकमा ६८ बर्ष माथि) र "पुर्ण अशक्त (क), अति अशक्त (ख)" बर्गका अपाङ्गहरुलाई निःशुल्क एम्बुलेन्स सेवा उपलब्ध हुनेछ।

(४) उपदफा २ मा जुन सुकै कुरा लेखिएता पनि घर देखि स्वास्थ्य संस्था सम्म र स्वास्थ्य संस्थामा प्रसुती हुन नसकेको हकमा प्रेषण भएका गर्भवती महिलाहरुको हकमा र सडक सञ्जाल पुगेको स्थानमा मात्र लागु हुनेछ।

(५) यस गाउँपालिका भित्र रहेका सबै दलितहरुलाई ६० प्रतिशत र दलित एकल महिलाहरुलाई ७५, सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने एकल महिलाहरुलाई एम्बुलेन्स सेवा शुल्कमा ५० प्रतिशत छुट हुनेछ।

(६) विपन्न नागरिक औषधि उपचार कार्यक्रम सञ्चालन निर्देशिका २०८० दफा ४ को उपदफा १ वा तुर्माखाँद गाउँपालिका विपन्न नागरिक औषधि उपचार सहायता कार्यविधि-२०८० को दफा ३ को उपदफा २ बमोजिम



तुर्माखाँद गाउँपालिका

गठित तुर्माखाँद गाउँपालिकाको सिफारिस समितिले सिफारिस गरेको तथा नेपाल सरकारले निःशुल्कको लागि तोकेका ८ प्रकारका रोगहरुको अनुसूची ३ बमोजिमका बिरामीहरुलाई एम्बुलेन्स सेवामा ५० प्रतिशत छुट गरिनेछ।

(७) उपदफा २, ३, ४, ५ र ६ मा उल्लिखित सेवाग्राहीहरुलाई निःशुल्क रुपमा एम्बुलेन्स सेवा सञ्चालनको लागि ईन्धनको व्यवस्थापन तुर्माखाँद गाउँपालिकाले गर्नु पर्नेछ।

(८) उपदफा २, ३, ४, ५ र ६ मा जुनसकै कुरा लेखिएको भएता पनि निःशुल्क रुपमा एम्बुलेन्स सेवा उपभोग गर्नको लागि सम्बन्धित स्वास्थ्य संस्थाले सम्भव नभई प्रेषण गरेको हुनु पर्नेछ र सेवाग्राहीले आवश्यक विवरण अनुसूची ४ बमोजिमका कागजातहरु पेश गर्नु पर्नेछ।

(९) यस तुर्माखाँद गाउँपालिका अन्तर्गत स्वास्थ्य चौकी तुर्माखाँद र धमालीद्धारा एम्बुलेन्स सेवा सञ्चालनमा व्यवस्थापन, अनुगमन तथा रेखदेख गर्न देहायका पदाधिकारी रहेको पालिका स्तरीय एम्बलेन्स सेवा सञ्चालन, व्यवस्थापन तथा अनुगमन समिति रहनेछ।

क) गाउँपालिक अध्यक्ष — संयोजक

ख) उपाध्यक्ष
सदस्य

ग) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी
सदस्य

घ) सामाजिक विकास समिति संयोजक
सदस्य

ङ) अध्यक्ष/संयोजकले तोकेको गाउँकार्यपालिका सदस्यहरु मध्येबाट १ जना महिला सहित २ जना
सदस्य

च) एम्बुलेन्स सञ्चालन रहेको सम्बन्धित स्वास्थ्य व्यवस्थापन समिति अध्यक्ष वा अध्यक्षले तोकेको व्यक्ति २ जना
सदस्य

छ) स्वास्थ्य शाखा प्रमुख
सदस्य सचिव

(१०) उपदफा (९) बमोजिमको समितिको कुल सदस्य संख्या मध्ये एकाउन्न प्रतिशत सदस्य उपस्थित भएमा बैठक बस्नको लागि गणपुरक पुगकेको मानिनेछ।

(११) समितिको बैठक प्रत्येक तीन/तीन महिनामा बस्नेछ। समितिको बैठक सम्बन्धि कार्यविधि तथा अन्य व्यवस्था समिति स्वयंले निर्धारण गर्नेछ।

(१२) यस तुर्माखाँद गाउँपालिका अन्तर्गत स्वास्थ्य चौकी तुर्माखाँद र धमालीद्धारा एम्बुलेन्स सेवा सञ्चालनमा व्यवस्थापन, अनुगमन तथा रेखदेख गर्न वडा गतमा

एम्बलेन्स सेवा सञ्चालन, व्यवस्थापन तथा अनुगमन समिति स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन रहनेछ।

४. **समितिको काम कर्तव्य र अधिकारः** (१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

क) एम्बुलेन्स सेवा पारदर्शी,सरल,भरपर्दो र व्यवस्थित रुपमा गरे नगरेको अनुगमन गर्ने।

ख) एम्बुलेन्स सेवा सञ्चालनको लागि आवश्यक व्यवस्था गर्ने।

ग) चालकले अनुसूचि २ मा उल्लेख भएका सबै आंचारसंहिता लागु गराउनु पर्नेछ।यस कार्यविधि अनुसार आचारसंहिता पालना नगर्ने चालकलाई चतावनी दिई आचारसंहिता पालना गर्न लगाउने र बारम्बार आचरण अलंघन गरेमा आवश्यकता अनुसार करार सम्झौता रद्ध गर्ने।

घ) एम्बुलेन्स सेवाका बारेमा कुनै गुनासो तथा उजुरी आएमा सोको सुनुवाई तथा व्यवस्थापन गर्ने।

ङ) एम्बुलेन्सको निश्चित मापदण्डको आधारमा भाडा निर्धारण र पुनरावलोकन गर्ने।

च) एम्बुलेन्सको समग्र मुल्याङ्कन गरी सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन सरोकारवाला बिच आवशयकता अनुसार समिक्षा बैठक गर्ने।

छ) गाउँपालिकाको विशिष्टतालाई ध्यानमा राखि एम्बुलेन्स सेवा सञ्चालनका लागि आवश्यक थप मापदण्ड बनाउने

ज) चालकले अनुसूची १ बमोजिम सेवा शुल्क लिई बैङ्कमा दाखिला गरे नगरेको समय समयमा निरीक्षण गर्ने।

झ) सेवा प्रवाह स्थितिको अद्यावधिक विवरण सहितको प्रतिवेदन प्रत्येक बर्ष अषाढ मसान्तमा गाउँपालिकामा पेश गर्ने।

(५) **सेवा शुल्क सम्बन्धि व्यवस्थाः** (१) एम्बुलेन्स सेवा प्रयोग गरे वापत सम्बन्धित सेवाग्राहीले अनुसूची १ मा उल्लेख भए अनुसारको रकम सेवा शुल्कको रुपमा बुझाउनु पर्नेछ।

(२) सेवा शुल्क वापत लिइने रकमको असुलीका लागि सम्बन्धित स्वास्थ्य चौकीले नगदी रसिद छपाई

चालकलाई उपलब्ध गराउनु पर्ने छ।नगदी रसिदको अभिलेख/नियन्त्रण खाता सम्बन्धित स्वास्थ्य चौकीमा राखिनेछ।

(३) सेवा दिए वापत लिइने सेवा शुल्क नगदी रसिद काटी बैङ्क खातामा जम्मा गर्ने जिम्मेवारी चालकको हुनेछ।

(४) एम्बुलेन्सले सेवा दिएको स्थान र मिति खुल्ने गरी सवारी लगबुक राख्नु पर्नेछ।लगबुक भर्ने जिम्मेवारी एम्बुलेन्स चालकको रहनेछ भने सो को प्रमाणित गर्ने जिम्मेवारी सम्बन्धित स्वास्थ्य चौकी प्रमुखको हुनेछ।

(५) एम्बुलेन्स सेवा वापत उठेको रकम सम्बन्धित स्वास्थ्य चौकीले तुर्माखाँद गाउँपालिको आन्तरिक राजश्व बैंक खातामा त्रैमासिक रुपमा जम्मा गर्नु पर्नेछ।सो को विवरण तथा लगबुक तुर्माखाँद गाउँपालिकाको स्वास्थ्य शाखामा बुझाउनु पर्नेछ।

(६) एम्बुलेन्स सेवा शुल्क वापत लिइने असुली रकमको खर्च सञ्चालन तथा व्यवस्थापन समितिको निर्णय अनुसार हुनेछ।कोषको रकम सामान्यतया चालकको तलबभत्ता, इन्धन, एम्बुलेन्सको मर्मत सम्भार र एम्बुलेन्समा रहने अतिआवश्यक सामाग्री तथा मेडिकल उपकरणमा खर्च गरिनेंछ।

(७) उपदफा १, २, ३, ४, ५ र ६ मा जुनसुकै कुरा लेखिएता पनि सबै विवरणको अभिलेख तथा नियन्त्रण गर्ने, समय-समयमा अद्यावधिक गर्ने र सो को विवरण एक प्रति मासिक रुपमा पालिकामा बुझाउने मुख्य जिम्मेवारी सम्बन्धित स्वास्थ्य चौकी प्रमुखको रहनेछ।

(८) उपचारको क्रममा एम्बुलेन्समा रहेको विरामीको आकस्मिक निधन हुन गएमा निजको घर वा गन्तव्य स्थान सम्म एम्बुलेन्सले पुऱ्याई दिनु पर्नेछ।

(६) **एम्बुलेन्स चालकको नियुक्ति वा सेवा सुबिधाः** (१) एम्बुलेन्स सेवा सञ्चालनको लागि गाउँपालिकाले राष्ट्रिय एम्बुलेन्स निर्देशिका,२०७८ को दफा १८ (१) मा तोके योग्यता पुगेको चालक सेवा करारमा नियुक्ति गर्नेछ।

(२) एम्बुलेन्सको नियुक्ति करारमा गरिनेछ।करार अवधि समाप्त भए पश्चात चालकको कामको मुल्याङ्कन गरी करार अवधि थप गर्न सकिनेछ।

(३) आचार संहिता उल्लघन गरेको पाइएमा जुनसुकै समयमा सम्झौता रद्ध गर्न सकिनेछ।

(४) एम्बुलेन्स चालकको सेवा सुविधा श्रेणी विहिन प्रथम तह सवारी चालक सरह वा दफा (३) को उपदफा (५) बमोजिमको समितिले निर्णय अनुसार करार पत्रमा उल्लेख भए बमोजिम हुनेछ।

(५) महामारीको समयमा समितिले निर्णय गरे बमोजिम सवारी चालकलाई प्रोत्साहान भत्ता दिन सकिनेछ।

(६) चालकले पालना गर्नु पर्ने आचारसंहिता अनुसूची २ बमोजिम हुनेछ।

**(७) एम्बुलेन्स रहने स्थान र सो को मर्मत सम्भारः** (१) एम्बुलेन्स यस तुर्माखाँद गाउँपालिका अन्तर्गत सञ्चालित स्वास्थ्य चौकी तुर्माखाँद र धमालीको प्राङ्गणमा रहनेछ।

(२) प्रचलित कानुन बमोजिम प्रक्रिया पुरा गरी एम्बुलेन्सको नियमित मर्मत सम्भार प्रमुख प्रशासकीय अधिकृतको कार्यादेशमा चालकले गर्नु पर्नेछ।

(३) एम्बुलेन्स सञ्चालन गर्दा लगबुक अद्यावधिक ईन्धन खर्च, सामान्य आकस्मिक मर्मत खर्च खर्च सम्भार तथा आम्दानी चालकले सम्बन्धित स्वास्थ्य चौकी प्रमुखलाई स्वास्थ्य चौकी प्रमुखले मासिक अनिवार्य रुपमा समितिमा प्रतिवेदन गर्नु पर्नेछ।

**(८) लेखा परिक्षण** : यस कार्यविधि बमोजिम सेवाग्राहीबाट लिएको शुल्क र अन्य खर्च वापतको रकम सम्बन्धमा कानुन बमोजिम गाउँपालिकाले लेखा परिक्षण गराउनु पर्नेछ ।

**(९) प्रचलित कानुन बमोजिम हुनेः** यस कार्यविधिमा उल्लिखित विषयमा यसै कार्यविधि बमोजिम र अन्य कुरामा प्रचलित कानुन बमोजिम हुनेछ ।

**(११) बाधा अड्काउ** : यस कार्यविधिको कार्यान्वयनमा कुनै द्विविधा उत्पन्न भएमा सो को बाधा अड्काउ फुकाउने अधिकार गाउँ कार्यपालिकामा निहित रहनेछ ।

**(१२) विविधः** (१) एम्बुलेन्समा रहने न्यूनतम सेवा सुविधा तथा औषधिका विवरण अनुसूची ५ बमोजिम हुनेछ।

(२) एम्बलेन्समा सवार बिरामी, बिरामीका आफन्त तथा स्वास्थ्यकर्मीका विमाका दायित्व सेवा ग्राही स्वयंको हुनेछ।

(३) यस कार्यविधिमा आवश्यकतानुसार संसोधन गाउँ कार्यपालिकाले गर्न सक्नेछ।

## अनुसूची-१

(कार्यविधिको दफा ५ को उपदफा १ सँग सम्बन्धित सेवा शुल्क सम्बन्धि दररेट)

**तुर्माखाँद गाउँपालिका भित्रको लागि भाडादर**

| क्र.सं. | स्थान देखि | स्थान सम्म | स्वीकृत | कैफियत |
|---|---|---|---|---|
| १ | तुर्माखाँद | भुलु | ४५०० | |
| २ | तुर्माखाँद | भैरवस्थानको असारा | २७०० | |
| ३ | तुर्माखाँद | च्यूराखाँद | २७०० | |
| ४ | तुर्माखाँद | आमी | १८०० | |

| | | | | |
|---|---|---|---|---|
| ५ | तुर्माखाँद | लकान्द्र | १००० | |
| ६ | तुर्माखाँद | जङ्गलघाट | २७०० | |
| ७ | तुर्माखाँद | जुय | १८०० | |
| ८ | तुर्माखाँद | जैसुर | १३५० | |
| ९ | तुर्माखाँद | दुबौरा | १८०० | |
| १० | तुर्माखाँद | गोदे | ९०० | |
| ११ | तुर्माखाँद | तुर्माखाँद बजार क्षेत्र | ४५० | |
| १२ | तुर्माखाँद | चिसी बण्डालीमाडु | ६३० | |
| १३ | तुर्माखाँद | चिसी कालिका मन्दिर | ९०० | |
| १४ | तुर्माखाँद | कोलिमारा | ३१५० | |
| १५ | तुर्माखाँद | कोल्ली | १५०० | |
| १६ | तुर्माखाँद | तिक्चा | ६३० | |
| १७ | तुर्माखाँद | ढाङ्टा | १००० | |
| १८ | तुर्माखाँद | नाडा | १८०० | |

| | | | | |
|---|---|---|---|---|
| १९ | तुर्माखाँद | जम्पानी | १८०० | |
| २० | तुर्माखाँद | धुरगाउँ | २००० | |
| २१ | तुर्माखाँद | थोलु/बुदे | १३५० | |
| २२ | तुर्माखाँद | बाँसकाडा | १३५० | |
| २३ | तुर्माखाँद | तोषी दहखाल | १८०० | |
| २४ | तुर्माखाँद | रानीवन बगुरखाल | २२५० | |
| २५ | तुर्माखाँद | रानीवन कुनीगडा | ३००० | |
| २६ | तुर्माखाँद | रानीवन तुल्ता | ३२४० | |
| २७ | तुर्माखाँद | धमाली | २७०० | |
| २८ | तुर्माखाँद | धमाली पुनेपाटा | १८०० | |
| २९ | धमाली | तुल्ता | १०८० | |
| ३० | धमाली | कुनीगडा | १३५० | |
| ३१ | धमाली | बगुखाल | १३५० | |
| ३२ | धमाली | दहखाल | ९०० | |

| | | | | |
|---|---|---|---|---|
| ३३ | धमाली | बाँसकाडा | १३५० | |
| ३४ | धमाली | पुनेपाटा | ९०० | |

**अछाम जिल्लाका भित्रका अन्तर स्थानीय तहहरुको भाडादर**

| क.सं. | स्थान देखि | स्थान सम्म | स्वीकृत | कैफियत |
|---|---|---|---|---|
| १ | तुर्माखाँद | ढकारी | ६३०० | |
| २ | तुर्माखाँद | कमलबजार | ४५०० | |
| ३ | तुर्माखाँद | गैरीटाँड बजार | ५१०० | |
| ४ | तुर्माखाँद | विनायक | ५८५० | |
| ५ | तुर्माखाँद | ठाटीखाँद | ५४०० | |
| ६ | तुर्माखाँद | जिल्ला अस्पताल | ६३०० | |
| ७ | तुर्माखाँद | बयलपाटा अस्पताल | ८७०० | |
| ८ | धमाली | ढकारी | ५४०० | |
| ९ | धमाली | कमलबजार | ३६०० | |
| १० | धमाली | गैरीटाँड बजार | ४२०० | |



तुर्माखाँद गाउँपालिका

| | | | | |
|---|---|---|---|---|
| ११ | धमाली | विनायक | ४८५० | |
| १२ | धमाली | ठाटीखाँद | ४५०० | |
| १३ | धमाली | जिल्ला अस्पताल | ५४०० | |
| १४ | धमाली | बयलपाटा अस्पताल | ७२०० | |

## अन्तर जिल्लाको भाडादर

| क्र.सं. | स्थान देखि | स्थान सम्म | स्वीकृत | कैफियत |
|---|---|---|---|---|
| १ | तुर्माखाँद | राकम | ६७५० | |
| २ | तुर्माखाँद | साङ्गेतडा | ७२०० | |
| ३ | तुर्माखाँद | सुर्खेत | १६२०० | |
| ४ | तुर्माखाँद | कोहोलपुर | १८००० | |
| ५ | तुर्माखाँद | नेपालगञ्ज | १८९०० | |
| ६ | तुर्माखाँद | मंगलसेन हुदै धनगढी | १९८०० | |
| ७ | तुर्माखाँद | बुटवल | २४३०० | |

तुर्माखाँद गाउँपालिका

| | | | | |
|---|---|---|---|---|
| ८ | तुर्माखाँद | चितवन | ३१५०० | |
| ९ | तुर्माखाँद | काठमाण्डौं | ३६००० | |
| १० | धमाली | राकम | ५४०० | |
| ११ | धमाली | साँगेतडा | ५८५० | |
| १२ | धमाली | सुर्खेत | १३५०० | |
| १३ | धमाली | कोहोलपुर | १५३०० | |
| १४ | धमाली | नेपालगञ्ज | १६२०० | |
| १५ | धमाली | मंगलसेन हुदै धनगढी | १८९०० | |
| १६ | धमाली | बुटवल | २२५०० | |
| १७ | धमाली | चितवन | २९७०० | |
| १८ | धमाली | काठमाण्डौं | ३४२०० | |

- एम्बुलेन्स प्रयोग गरे वापत शुल्क रकमको विल अनिवार्य रुपमा भुक्तानी गरी रसिद लिन हुन अनुरोध छ।

- यस गाउँपालिका भित्र स्वास्थ्य संस्थामा सुत्केरी (डेलिभरी) सेवा लिनेलाई निःशुल्क एम्बुलेन्स सेवा प्रदान गरिनेछ।
- माथि उल्लेखित तोकिएका स्थान मध्ये जिल्ला अस्पताल मंगलसेन र सुर्खेत बाहेक अन्य स्थानहरुमा एम्बुलेन्स सेवा प्रदान गर्दा नियमानुसार दुरीको हिसाबले शुल्क लाग्नेछ।

**अन्तर स्थानीय तह तथा अन्तर जिल्लाको भाडादर जिल्ला एम्बुलेन्स व्यवस्थापन समितिले निर्धारण गरे बमोजिम हुनेछ।**

## अनुसूची-२

(कार्यविधिको दफा ६ को उपदफा ७ सँग सम्बन्धित)

## एम्बुलेन्स चालकले पालना गर्नु पर्ने आचारसंहिता

क) एम्बुलेन्स सेवा सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८० लाई पूर्णतः पालना गर्नुपर्ने।

तुर्माखाँद गाउँपालिका

ख) आफ्नो पेशागत भूमिका निवाह गर्ने क्रममा इमान्दारीता र विश्वसनियता कायम गर्दै आफ्नो पेशाका मान मर्यादामा खलल पुग्ने कुनै काम गर्न नहुने,

ग) मादक पदार्थ सेवन गरी एम्बुलेन्स चलाउन नहुने,

घ) विरामीको ओसारपसार तथा उपचार गर्ने क्रममा विरामी तथा विरामीका परिवारलाई सधैं सम्मान पूर्वक व्यवहार गरी उच्चस्तरीय सेवा प्रदान गर्नपर्ने,

ङ) आफैले लिएका निर्णयहरुमा आफ्नै व्यक्तिगत रुपमा जिम्मेवार र जवाफदेही हुनुपर्ने,

च) आफ्नो पेशागत दक्षता सुधार गर्दै लैजानुको साथै आफैमा भएका पेशागत दक्षता आफनो क्षेत्रका अरुलाई पनि सिकाउनु पर्ने,

छ) कुनै पनि बिरामीलाई ओसारपसार गर्नु अघि उसको बारेमा प्रयाप्त जानकारी लिई उपचारमा सहयोग गर्नुपर्ने,

ज) बिरामीलाई बिच बाटोमा अलपत्र हुने गरी छाडन नहने,

झ) आफ्नो कामको सिलसिलामा पाएको कुनै सूचना गोप्य राख्नुपर्ने तथा बिरामीहरुबाट पाएको जानकारी तेश्रो पक्षलाइ खोल्न नहुने तर कानुनी र पेशागत दायित्व निवाह गर्न वा बिरामीको सेवामा आवश्यक परेमा त्यस्तो सूचनाको वारेमा जानकारी दिन सक्ने,

ञ) अस्पताल पूर्व सेवा, एम्बुलेन्स सेवा व्यवस्थापनमा सहयोग पुग्ने तथा अनुसन्धानमा मद्दत पुऱ्याउनु पर्ने

ट) आफुले उचित देखेका बिरामीको गुणस्तरीय सेवामा प्रभाव पार्ने राम्रो पक्षहरुको जानकारी आफ्नो सुपरिवेक्षक तथा स्वास्थ्य संस्थालाई जानकारी दिनुपर्ने,

ठ) नेपाल सरकारले प्रतिबन्ध लगाएका बस्तुहरु ओसार पसार नगर्ने, प्रचलित कानूनको पालना गर्नुपर्ने र त्यस्तो गरेमा नेपाल सरकारको ऐन नियमानुसार स्वयं सजायको भागेदारी हुनेछ ।

ड) म..................... ठेगाना....................ना.प्र.नं......... जारी मिति.......... जिल्ला.......... ड्राइभिङ्ग लाइसन्स नं. .................... जारी

मिति..................... ले मिति उल्लेखित आचारसंहिता अध्यय गरेको छु।............जिल्ला........ गाउँपालिका अन्तर्गत .....................स्वास्थ्य चौकीको एम्बुलेन्स चलाउदा मैले यो आचारसंहिता पूर्णरुपमा पलना गर्न समहति जनाई सहीछाप गरेको छु।

| चालकको | रोहवरमा | प्रमाणित गर्ने |
| --- | --- | --- |
| दस्तखतः | दस्तखतः | दस्तखतः |
| नामः | नामः | नामः |
| पदः | पदः | पदः |
| | मितिः | मितिः |

कार्यालयको छापः

तुर्माखाँद गाउँपालिका

## अनुसूची-३

*("दफा ३ को उपदफा ६ सँग सम्बन्धित")*

विपन्न नागरिक औषधि उपचार कार्यक्रम सञ्चालन निर्देशिका २०८० दफा ३ को उपदफा १ नेपाल सरकारले निःशुल्क उपचारको लागि तोकेका ८ प्रकारका कडा रोगहरूको सूची

**१. मृगौला रोग**

क) अल्पकालिन रुपमा मृगौलाले काम नगरेको (Acute Renal Failure)

ख) दीर्घकालिन रुपमा मृगौलाले काम नगरेको (Chronic Renal Failure)

ग) Acute Glomerulonephritis and Nephritic Syndrome भएका विरामीहरु।

घ) मृगौला खराब भै Dialysis गर्नु पर्ने भएमा ।

ङ) मृगौला प्रत्यारोपण गर्नुपर्ने भएमा।

**२. मुटु रोग**

क) विभिन्न प्रकारका मुटु जस्तैः महाधमनीको शल्यक्रिया गर्नुपर्ने विरामीहरु

ख)मुटुमा पेसमेकर तथा स्टेन्ट राख्नु परेमा, एब्लेशन गर्नुपरेमा मुटुको भल्भ पूर्णरुपमा क्षति भएको वा परिवर्तन गर्नु पर्ने भएमा

ग) मुटु फेल भएको उपचारका लागि

**३. क्यान्सर रोग**

क) विभिन्न प्रकारका क्यान्सर रोग र ती सम्बन्धी शल्यक्रिया, केमोथेरापी

**४. पार्किन्सन्स रोगः-**

पार्किन्सन्स रोगमा प्रयोग हुने थप निदानात्मक सेवा, औषधि, औषधिजन्य सामग्री, शैया तथा सेवा शुल्कहरु ।

**५. अल्जाईमर्स रोगः-**

अल्जाइमर्स रोगमा प्रयोग हुने थप निदानात्मक सेवा, औषधि, औषधिजन्य सामग्री, शैया तथा सेवा शुल्कहरु ।

**६. स्पाईनल ईन्जुरी :**

दुर्घटनाजन्य (Accidental) र चोटपटकजन्य (Traumatic) विरामीहरुलाई शल्यक्रिया, थप निदानात्मक सेवा

**७. हेड इन्जुरीः**

दुर्घटनाजन्य (Accidental) र चोटपटकजन्य (Traumatic) विरामीहरुलाई शल्यक्रिया गर्नु पर्ने भए

**८. सिकल सेल एनिमिया रोगः**

यो रोगलागेका विरामीहरुलाई शल्यक्रिया, थप निदानात्मक सेवा

## अनुसूची-४

*(दफा ३ को उपदफा ८ सँग सम्बन्धित)*

निःशुल्क तथा ५० प्रतिशत छुटमा एम्बुलेन्स सेवा प्राप्त गर्नको लागि आवश्यक कागजातहरु

१. सम्बन्धित स्वास्थ्य संस्थामा सुत्केरी हुन नसकी संस्थाबाट प्रेषण भएको।

२. गर्भवती जाँच गरेको कार्ड।

३. नेपाली नागरिकता वा राष्ट्रिय परिचय पत्र प्रमाण पत्रको प्रतिलिपी।

४. एकल महिलाको हकमा एकल महिला भएको प्रमाणित प्रतिलिपी।

५. विपन्न नागरिक उपचार कोष निर्देशिका २०७५ को हकमा नेपाल सरकारले निर्धारण गरेका ८ प्रकार मध्ये कुनै एक रोग प्रमाणित भएको र पालिकाले सिफारिस गरेको प्रमाणपत्रको प्रतिलिपी।

**अनुसूची-५**

*("दफा १२ को उपदफा १ सँग सम्बन्धित")*

ख वर्गको -common life support) एम्बुलेन्समा हुनुपर्ने औषधि र उपकरणको विवरण

- First Aid का सामानहरु,
- Oxygen Cylinder, Follow Meter / Mask जडित वा जरुरी परेमा राख्न सकिने सवारी साधन,
- IV Injection दिन सक्ने व्यवस्था, स्ट्रेचर, व्हील चियर
- स्टेथोस्कोप, बीपी सेट उपकरण, टर्चलाइट. ईमर्जेन्सी मेडिसिनहरु

**प्रमाणीकरण मिति २०८०।१२।०७**

**आज्ञाले**
**चक्रदेव भट्ट**
**नि.प्रमुख प्रशासकीय अधिकृत**



तुर्माखाँद गाउँपालिका